निर्णय नं. १

यस चौतारा साँगाचोकगढी नगरपालिकाको मिति २०८१ साल श्रावण ३० गते बसेको नगर कार्यपालिका बैठकको निर्णयहरू उपर समिक्षा गरियो । आगामी दिनमा प्रत्येक कार्यपालिका बैठकको सुरूमा कार्यपालिकाबाट भए गरेका निर्णय लगायत अन्य विषय उपर समिक्षा गर्ने निर्णय गरियो ।

निर्णय नं. २

चौतारा साँगाचोकगढी नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को दहत्तर बहत्तरको ठेक्का आह्वान सम्बन्धमा छलफल गर्दा नगरपालिका भित्र पर्ने इन्द्रावती नदी र सुनकोशी नदीको विभिन्न बगरको क्षेत्रमा नदीजन्य पदार्थ संकलन तथा उत्खनन् गर्ने कार्यका लागि क्रमश Brother Environment and Geological Service Pvt. Ltd. (Kathmandu, Nepal) र लुम्बिनी सामाजिक विकास केन्द्र (सन्धिखर्क नगरपालिका-१, अर्घाखाँची) द्वारा मिति २०८१ साल कार्तिक ११ गतेका दिन बसेको यस बैठकमा पेश भएकोमा उक्त प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) स्वीकृत गर्ने निर्णय गरियो । कार्यपालिकाबाट स्वीकृत भएको IEE प्रतिवेदन प्रमाणीत गर्ने अख्तियारी नगर प्रमुखलाई दिने निर्णय गरियो ।

तपशिल :

| आय ठेक्का नं. | ठेक्काको विवरण | आ.व. २०८१/०८२ को लागि निर्धारण ढुङ्गा, गिट्टी, वालुवा ग्राभेल रोडा संकलन, उत्खनन् तथा विक्री (स्वीकृत खानी क्षेत्र बाहेक) विक्री परिमाण (घन फिटमा) | आ.व. २०८१/०८२ को लागि निर्धारण ढुङ्गा, गिट्टी, वालुवा ग्राभेल रोडा (स्वीकृत खानी क्षेत्र बाहेक) उत्खनन् संकलन समेत विक्री मुल्य रू. | ढुङ्गा, गिट्टी वालुवा ग्राभेल रोडा उत्खनन् तथा विक्री (स्वीकृत खानी क्षेत्र बाहेक) संकलन तथा विक्री शुल्क वापत् हुने कुल न्यूनतम अंक (कर तथा भ्याट बाहेक | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|
| १/२०८१/०८२ | इन्द्रावती नदीको बनदेऊको ५९ कि.मी. देखि भ्याडी खोला सम्मको क्षेत्रमा ढुंगा, गिट्टी, वालुवा, ग्राभेल र रोडा उत्खनन् तथा विक्री ( स्वीकृत खानी क्षेत्र बाहेक) | १५७९७०२३.११ (एक करोड सन्ताउन्न लाख सन्तानब्बे हजार तेइस दशमलव एघार घन फिट) | ७- (सात) | ११०५७९१६१.७७ (एघार करोड पाँच लाख उनानअसी हजार एक सय ्‍ एकसठ्ठी रुपैंया सतहत्तर पैसा) | १०,०००।- (दश हजार) |
| २/२०८१/०८२ | सुनकोशी नदीको साँगाचोकको सिम्ले देखि बलेफी सम्मको क्षेत्रमा ढुंगा, गिट्टी, वालुवा, ग्राभेल रोडा उत्खनन् तथा विक्री ( स्वीकृत खानी क्षेत्र बाहेक) | ४०६७६३२.५५ (चालिस लाख सरसठ्ठी हजार छ सय बत्तीस दशमलव पचपन्न घन फिट) | ७- (सात) | २७४७३४२७.८५ (दुइ करोड चौहत्तर लाख त्रिहत्तर हजार चार सय सत्ताइस रुपैंया पचासी पैसा) | ५,०००।- (पाँच हजार) |

निर्णय नं. ३

माथि निर्णय नं. २ मा स्वीकृत भएको परिमाणमा नगरपालिकाले अमानतबाट राजश्व संकलन गरीरहेकोले ठेक्काको सम्झौता हुने समय अघि सम्मको निकासा गरेको परिमाण घटाई सम्झौता गर्ने गरी ठेक्का आह्वान गर्न नगरपालिका कार्यालयलाई अख्तियारी दिने निर्णय गरियो ।

निर्णय नं. ४

माथि निर्णय नं. ३ अनुसार घट्न जाने रकम अन्तिम किस्तामा मिलान गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

विपद् व्यवस्थापन सम्बन्धमा छलफल गर्दा चौतारा साँगाचोकगढी नगरपालिका भित्रका सम्पूर्ण वडाहरूमा विपद्बाट प्रभावित भएका घरपरिवारलाई अस्थायी आवास निर्माण गर्न **"विपद्बाट प्रभावित घरपरिवारलाई अस्थायी आवास निर्माण अनुदान मापदण्ड, २०८१"** बमोजिम वडा स्तरीय विपद् व्यवस्थापन समितिको बैठकबाट तथ्याङ्क संकलन गरी सोको विवरण यथासिघ्र नगर स्तरीय विपद् व्यवस्थापन समितिमा उपलब्ध गराउन व्यवस्था मिलाउने निर्णय गरियो ।

निर्णय नं. ६

यस चौतारा साँगाचोकगढी नगरपालिकाको **"बाल संरक्षण तथा बाल अधिकार सम्बन्धी कार्यविधि, २०८१"** स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

यस चौतारा साँगाचोकगढी नगरपालिका भित्र रहेका प्रशासन, स्वास्थ्य, कृषि, भेटेरीनरी, प्राविधिक र शिक्षा तर्फ रिक्त रहेका विभिन्न दरबन्दीमा आवश्यकताका आधारमा स्थायी पदपूर्ति गर्नका लागि क्रमागत रुपमा प्रदेश लोकसेवा आयोग, बागमती प्रदेश, हेटौंडामा माग आकृति फाराम भरी पठाउने निर्णय गरियो ।

निर्णय नं. ८

यस चौतारा साँगाचोकगढी नगरपालिका भित्र रहेका ब्याक हो लोडर, ट्रिपर, कृषि एम्बुलेन्स संचालन तथा नगरपालिकामा कायम भएका बेरुजु, सुशासन लगायतका विषयमा सम्बन्धित समितिमा छलफल गरी सोही छलफलमा भए गरेका निर्णयहरुलाई नगर कार्यपालिकामा पेश गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

निर्णय नं. ९

यस चौतारा साँगाचोकगढी नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक स्वीकृत योजना तथा कार्यक्रम मध्ये विभिन्न मितिमा नगर प्रमुखबाट तोक आदेश भएका देहाय बमोजिमका योजनाहरु अनुमोदन गर्ने निर्णय गरियो ।

| क्र.सं. | योजनाको नाम | शिर्षक | बजेट |
|---|---|---|---|
| १. | तीज विशेष कार्यक्रम (वडा नं. ५) | पर्यटन, सँस्कृति | १,५०,००० |
| २. | पाँचपोखरी महिला हाल्फ म्याराथोन | विविध | १,००,००० |
| ३. | नेपाल दलित मुक्ती अभियानको प्रथम जिल्ला भेलामा आर्थिक सहयोग | विविध | २०,००० |
| ४. | द च्याम्पियन कप ७ ए साइट खुल्ला फुटबल प्रतियोगिता २०८१ | विविध | ५५,००० |

निर्णय नं. १०

यस चौतारा साँगाचोकगढी नगरपालिका र अन्तर्गतका वडा कार्यालयहरुलाई विपक्षी बनाई विभिन्न अदालतमा परेका उजुरीको सम्वन्धमा लिखित जवाफ, प्रतिउत्तर, बहस पैरवी गर्न अर्को निर्णय नभएसम्मका लागि यस नगरपालिकाको कार्यालयमा कार्यरत अधिकृत छैठौं श्री दुर्गा प्रसाद ढुंगेललाई अख्तियारी दिने निर्णय गरियो ।